आकाशवाणी समाचार

23-12-25

मुख्य समाचार

- राष्ट्रीय विज्ञान पुरस्कार- दुई हजार पचिस  राष्ट्रपतिद्वारा  प्रदान गरिएको छ
- उपराष्ट्रपतिले **पूर्व प्रधानमन्त्री चौधरी चरण सिंहको** जयन्तीमा उहाँलाई अर्पण गर्नुभयो श्रद्धान्जलि
- भारत-न्यूजीलयाण्ड मुक्त व्यापार समझौता- भारतको पहिलो महिला नेतृत्व समझौता रहेको प्रधान मन्त्रीको भनाई,अनि
- नेपालको चुनाव आयोगले, पाँच **मार्च, दुई हजार छब्बिसमा** हुने आम चुनाव भन्दा पहिले मतदाता सूचीमा दस लाख भन्दा अधिक नयाँ मतदाताहरूलाई जोड़ेको गऱ्यो घोषणा

**राष्ट्रपति-आईबी-व्याख्यान**

राष्ट्रपति द्रौपदी मुर्मुले भन्नुभयो, सुरक्षा आर्थिक निवेश र विकासको प्रमुख कारकहरूमा एक हो। उहाँले भन्नुभयो, 'समृद्ध भारत'को निर्माणका लागि 'सुरक्षित भारत'-को निर्माण आवश्यक छ। आज नयाँ दिल्लीमा **इन्टेलिजेन्स ब्यूरो-आई.बीको**  अठतिसौं शताब्दी **एण्डामेन्ट** व्याख्यानलाई सम्बोधन गर्दै राष्ट्रपतिले भन्नुभयो, भारतले  बहुआयामी सुरक्षा चुनौती र खतराहरूको सामना गरिरहेकोछ ।

**49 राष्ट्रपति - विज्ञान पुरस्कार**

राष्ट्रपति द्रौपदी मुर्मुले आज नयाँ दिल्लीको राष्ट्रपति भवनमा आयोजित एउटा समारोहमा राष्ट्रीय विज्ञान पुरस्कार- दुई हजार पचिस  प्रदान गर्नुभयो ।  यो विज्ञान, प्रौद्योगिकी र नवाचारको क्षेत्रमा असाधारण योगदानका लागि राष्ट्रको सर्वोच्च सम्मान हो। यो पुरस्कार विज्ञान रत्न, विज्ञान श्री, विज्ञान युवा-शान्ति स्वरूप भटनागर र विज्ञान टीम सहित चार श्रेणीहरूमा प्रदान गरिएकोछ । पद्म विभूषण प्रोफेसर जयन्त विष्णु नारलिकरलाई मरणोपरान्त विज्ञान रत्न पुरस्कारले सम्मानित गरियो । आठ वैज्ञानिकहरूलाई विज्ञान श्री पुरस्कार र चौध  युवा वैज्ञानिकहरूलाई विज्ञान युवा श्रेणी अन्तर्गत सम्मानित गरियो भने , विज्ञानमा टीम पुरस्कार अरोमा मिशन सी .एस .आई आर-लाई प्रदान गरियो ।

**42- उपराष्ट्रपति-चरण सिंह**

उपराष्ट्रपति सी पी राधाकृष्णनले आज **पूर्व प्रधानमन्त्री चौधरी चरण सिंहको** जयन्तीमा उहाँलाई श्रद्धान्जलि अर्पण गर्नुभयो । सोशल मीडिया पोस्टमा उपराष्ट्रपतिले भन्नुभयो, पूर्व प्रधानमन्त्री एक महान नेता र किसानहरूको  कल्याणको प्रबल समर्थक हुनुहुनथ्यो । उहाँले भन्नुभयो, ग्रामीण विकास, सामाजिक न्याय र कृषक समुदायको सशक्तिकरण प्रति उहाँको प्रतिबद्धताले देशको सार्वजनिक जीवनमा अमिट छाप छोड़ेकोछ।

**17 राष्ट्रीय-किसान दिवस**

राष्ट्रीय किसान दिवस आज पूरा देशमा मनाइदैछ । यो दिन, देशका विकासमा किसानहरूको योगदानको सम्मानमा मनाइन्छ।  ग्रामीण मुद्दाहरूको गहिरो समझ र किसानहरूको  कल्याणका लागि  आफ्नो जीवन समर्पित गर्ने पूर्व प्रधानमन्त्री **चौधरी चरण सिंहको** जयन्तीको उपलक्ष्यमा

यो दिवस मनाइन्छ । आजका दिन, देशलाई  प्रगति र आकार दिनमा महत्वपूर्ण योगदानका लागि किसानहरूलाई सम्मानगरिन्छ।  केन्द्रीय उपभोक्ता कार्य, खाद्य र सार्वजनिक वितरण मन्त्री **प्रल्हाद जोशी-ले** किसानहरूको अथक परिश्रम, दृढ़ता र समर्पणले देशवासीलाई भोजन मात्र होइन देशको आत्मालाई पनि बल मिल्ने बताउनुभयो।  कृषि मन्त्री शिवराज सिंह चौहानले लाइभ टेलिकास्ट मार्फत राष्ट्रको सम्बोधन गर्दै किसानहरूलाई विकसित भारत- रोजगार र आजीविका मिशन (ग्रामीण) विधेयक,  दुई हजार पचिस  वी.बी जी आर.ए.एम जी बारे जानकारी दिनुभयो ।

### 1- प्रधानमंत्री-गोयल लेख

प्रधानमन्त्री नरेन्द्र मोदीले हालैमा सम्पन्न भारत-न्यूजीलयाण्ड मुक्त व्यापार समझौता-एफ.टी.ए. लाई एउटा ऐतिहासिक उपलब्धि बताउँदै भन्नुभयो, यो भारतको पहिलो महिला नेतृत्व भएको समझौता रहेको छ । उहाँले भन्नुभयो , वार्ताकारहरूमा लगभग सबै महिलाहरू शामेल थिए । श्री मोदीले ,वाणिज्य र उद्योग मन्त्री पीयूष गोयलको एउटा लेख साझा गर्दै, भारतको आजको **एफ.टी.ए** केवल शुल्क कटौती सम्म सीमित नरहेर अर्थव्यवस्थालाई बलियो गर्ने र लाखौं मानिसको जीवन स्तरलाई राम्रो बनाउने व्यापक मिशनको भाग हो भन्दै जोड दिनुभयो  । आफ्नो लेखमा श्री गोयलले भन्नुभएकोछ, यो व्यापार समझौता भारतको व्यापार कूटनीतिमा एउटा महत्वपूर्ण छलाङ्ग हो।

### 20 चौहान - जी राम जी

कृषि र किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले भन्नुभयो,  रोजगार सृजना र व्यापक ग्रामीण विकासका लागि पर्याप्त निधि सुनिश्चित गर्ने हेतु **विकसित भारत जी राम जी** योजना अन्तर्गत एक लाख एकाउन्न हजार करोड़ रुपियाँ भन्दा अधिकको आवन्टन प्रस्तावित गरिएको छ। एउटा भिडीयो सन्देशमा श्री चौहानले भन्नुभयो , श्रमिकहरूलाई  अहिले  एक सय  दिनका सट्टामा एक सय पचिस  दिनको रोजगारको कानूनी गेरेन्टी दिइएको छ  ।

### भारतीय कृषि अनुसन्धान परिषद्-

कृषि विज्ञान केन्द्र , पूर्व सिक्किमले आई.सी.ए.आर research complex for north eastern हिल रिजन, सिक्किम केन्द्रसँग सहकार्यमा गंगटोक जिल्लाको ranka ब्लक अन्तर्गत नामिन, सम्लिक मार्चक जी.पी.यू मा किसान दिवस र राष्ट्रिय मशरूम दिवस सफलतापूर्वक आयोजना गऱ्यो । डा. अशोक कुमार, प्रमुख, आई.सी.ए.आर सिक्किम केन्द्रको निर्देशन र मार्गदर्शनमा आयोजित कार्यक्रममा नामिन र सम्लिक मार्चक जी.पी.यूका अठचालिस जना  किसानले भाग लिए, जसमा सत्ताइस जना पुरुष र एकाइस जना  महिला सामेल थिए।

### 10 नेपाल - नए मतदाता

नेपालको चुनाव आयोगले घोषणा गरेकोछ, पाँच **मार्च, दुई हजार छब्बिसमा** हुने आम चुनाव भन्दा पहिले मतदाता सूचीमा दस लाख भन्दा अधिक नयाँ मतदाताहरूलाई जोड़ीएको छ। दुई हजार बाइसको पछिलो आम चुनावमा **एक करोड़  एकासी  लाख** पन्जीकृत मतदाता थिए। अन्तिम मतदाता सूची सत्ताइस  डिसेम्बरमा प्रकाशित गरिनेछ। प्रतिनिधी सभा, चुनावका लागि पन्जीकृत राजनीतिक दलहरूको संख्या पछिलो आम चुनावमा सतासी देखी बढ़ेर **एक सय  चौध भएकोछ।**

**50 संशो जयशंकर-श्रीलंका विदेश मंत्री मुलाकात**

विदेश मन्त्री डा. सुब्रह्मण्यम जयशंकरले आज कोलम्बोमा श्रीलङ्काका विदेश मन्त्री **विजिता हेरथ** संग भेट गर्नुभयो। डा. जयशंकरले सोशल मीडियामा चक्रवात दित्वाह पछि श्रीलङ्काको पुनर्निर्माण र राहत कार्यमा भारतको  पूर्ण समर्थनलाई दोहर्‍याउनुभयो।  डा. जयशंकरले श्रीलङ्कामा भारतीय व्यापार समुदायका सदस्यहरू संग पनि वार्ता गर्नुभयो र चक्रवात दित्वाहमा राहत कार्यमा उहाँको योगदानको सराहना गर्नुभयो।

**47 राजनाथ सिंह - मार्गदर्शिका विमोचन**

सीमा सड़क संगठनले **विस्तृत परियोजना रिपोर्ट- डी.पी.आर** तयार गर्न, समय र लागतमा बचत गर्ने उद्देश्यले  एउटा निर्देशिका तयार गरेकोछ। रक्षा मन्त्री राजनाथ सिंहले आज नयाँ दिल्लीमा यस **निर्देशिका-को विमोचन** गर्नुभयो। रक्षा मन्त्रालयले बताएकोछ, यसको उद्देश्य समयमा परियोजनाहरू पूरा गर्नु र रिपोर्टको गुणवत्ता तथा एकरूपतालाई बनाइ राख्नु हो। यो व्यवस्थित योजनाले, तकनीकी सटीकता, गुणवत्ता र लागत-प्रभावशीलताको माध्यमले सीमावर्ती क्षेत्रहरूको रणनीतिक सम्पर्क र सामाजिक-आर्थिक विकासमा पनि योगदान दिरहेको छ।

अन्त्यमा मुख्य समाचार फेरि एकपल्ट

- राष्ट्रीय विज्ञान पुरस्कार- दुई हजार पचिस  राष्ट्रपतिद्वारा  प्रदान गरिएको छ
- उपराष्ट्रपतिले **पूर्व प्रधानमन्त्री चौधरी चरण सिंहको** जयन्तीमा उहाँलाई अर्पण गर्नुभयो श्रद्धान्जलि
- भारत-न्यूजील्याण्ड मुक्त व्यापार समझौता- भारतको पहिलो महिला नेतृत्व समझौता रहेको प्रधान मन्त्रीको भनाई,अनि
- नेपालको चुनाव आयोगले, पाँच **मार्च, दुई हजार छब्बिसमा** हुने आम चुनाव भन्दा पहिले मतदाता सूचीमा दस लाख भन्दा अधिक नयाँ मतदाताहरूलाई जोड़ेको गऱ्यो घोषणा